# जोशीपुर गाउँपालिका

## १२ औ गाउँसभा अधिवेशन बैठकमा

### गाउँपालिका उपाध्यक्ष श्री रेखा देवी कठरियाज्यूद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८१/०८२ को

# बजेट बक्तव्य

जोशीपुर गाउँपालिका

जोशीपुर,कैलाली

१० आषाढ, २०८१

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**आदरणीय गाउँ सभा अध्यक्ष ज्यू,**

**गाउँसभा सदस्य ज्यूहरु,**

१. यस गरिमामय गाउ सभामा जोशीपुर गाउपालिकाको उपाध्यक्षको हैशियतले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्न यहाहरु समक्ष उपस्थित भएको छु ।

२. यस अवसरमा लोकतन्त्रको स्थापना, राष्ट्रियता, राष्ट्रियहित एवं स्वाभिमान, थारुहट आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्णज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।घाइते तथा अंगभंग भएर जीवन बाचिरहनु भएका सबै लोकतन्त्रबादी योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

३. देश आर्थिक संकटको बिषम परिस्थितीमा गुज्रीरहेको सर्वविदैतै छ।संघ र प्रदेश सरकार बाट प्राप्त हुने सबैधानिक मर्म अनुरुपको अनुदान रकममा आएको तिब्र संकुचनले जोशीपुर गाउपालिकाको विकाशमा असहज परिस्थिति सिर्जना गरेकोले यस पालिकाको सर्वागीण विकास प्रति निकै चिन्तित तुल्याएको छ ।

४. नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन २०७४, पालिकाको नीति तथा कार्यक्रम, संघ र प्रदेशका नीति तथा कार्यक्रमलाइ यो बजेट तर्जुमाका मार्गदर्शनका रुपमा लिएको छु । साथै स्थानीय प्रवुद्ध वर्ग, राजनीतिक दल , संघ संस्था, व्यवसायी बाट प्राप्त राय सुझावलाई मुलभूत आधारका रुपमा लिएको छु ।

**सभाध्यक्ष महोदय,**

अब म जोशीपुर गाउपालिकाको चालु आ. ब. २०८०/८१ को बजेट कार्यान्वयनको संक्षिप्त समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

५. यस जोशीपुर गाउँपालिकाको चालु आ.व.को जेठ मसान्त सम्म पुजी गत तर्फ ४२ दशमलब ७२ प्रतिशत र चालु तर्फ ७३ दशमलब ६१ प्रतिशत जस्मा जम्मा ६४ दशमलब ९८ प्रतिशत बजेट खर्च भएको छ।

६. विविध क्षेत्रगत योजना र उपलब्धि चालु आर्थिक वर्षमा समग्र क्षेत्रमा सकारात्मक ढङ्गले आर्थिक संकटकालिन परिस्थितिमा समेत कार्य अघि बढाइएको छ।

७. राजश्व बाँडफाँड तथा समानीकारण अनुदान पुर्ण रुपमा प्राप्त नहुदा पालिकाको सार्वजनिक सेवा प्रवाह, विकास निर्माण कार्य र नियमित रुपमा सञ्चालन गर्नुपर्ने कार्यक्रमहरुमा प्रत्यक्ष रुपमा असर पुगेको छ।

८. चालु आ.व.मा तय गरिएका कार्यक्रमहरु मध्ये अधिकांश कार्यक्रमहरु सम्पन्न हुने स्थितीमा छन् भने केही गाउँपालिका स्तरीय योजनाहरु निर्माण व्यवसायीको लापरबाहीका कारण केही योजनाहरु समय मै सम्पन्न गर्न सकिएको छैन।

**श्रीमान् सभाध्यक्ष महोदय,**

अब म जोशीपुर गाउपालिकाको आ. ब. २०८१/८२ को बजेटको सोच, लक्ष्य तथा उद्देश्य प्रस्तुत गर्न गैरहेको छु।

९. **सोचः कृषि,** शिक्षा र स्वास्थ्यको समुन्नत विकास जोशीपुर गाउँपालिकाको अभिभारा।

१०.**लक्ष्यः** आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी सन् २०३२ सम्ममा मध्यम आय भएको पालिकाको रुपमा रुपान्तरण गर्दै समृद्ध र समुन्नत गाउँपालिकाको निर्माण गर्ने।

११.**उद्देश्य तथा अपेक्षित उपलब्धीः**

**क.** नागरिकका जीवनस्तरमा सुधार गर्न रोजगारी सृजना तथा गरिवी निवारण गर्ने।

**ख.** उपलब्ध प्राकृतिक स्रोत-साधन,मानव संसाधन पुँजी र प्रविधिको उच्चतम उपयोग गर्ने।

**ग.** गुणष्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी आयोजना विस्तार लगायतका सामाजिक र कृषि, पर्यटन लगायतका क्षेत्रमा सुधार गर्ने।

**घ.** विधीको शासन, सर्वजानिक सेवा प्रभावकारीता, जवाफदेहिता र विकासमा जनसहभागिता मार्फत नागरिकलाई प्रत्याभूती हुने सुशासन प्रवर्धन गर्ने।

**श्रीमान् सभाध्यक्ष महोदय**

अब म आगमी आ.व.२०८१।०८२ को क्षेत्रगत रुपमा तय गरिएका बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्न गइरहेको छु ।

जोशीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोशीपुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

## आर्थिक विकास

१२. आर्थिक विकास क्षेत्र अन्तर्गतको महत्त्वपूर्ण पक्ष मानिने कृषि तथा पशु सेवा क्षेत्रको विकासका लागि तपसिल बमोजिमका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु.१ करोड ५२ लाख विनियोजन गरेको छु।

**क.** जोशीपुर गाउँपालिकाको प्रमुख आधारको रुपमा रहेको कृषि क्षेत्रको सुधारका लागि कृषिमा स्थानीय आधुनिकीकरण परियोजना विस्तार कार्यक्रम सञ्चालनका लागि ३९ लाख विनियोजन गरेको छु।५० प्रतिशत अनुदानमा उन्नत बीउहरु, विषादी उपलब्ध गराइनेछ।वास्तविक कृषक पहिचान लागि किसान सुचीकरण गर्ने कार्यक्रम निरन्तरता दिइनेछ।

**ख.** कृषितर्फ "परिवारिक खेती प्रबर्द्धन कार्यक्रम" कार्यक्रमका लागि रु.८ लाख विनियोजन गरेको छु। म

ग. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत नयाँ केरा (पकेट) विकास कार्यक्रमका लागि रु.१२ लाख विनियोजन गरेको छु।

घ. कृषक क्षमता अभिवृद्धिका लागि व्यवहारिक र उद्यमशीलता केन्द्रित तालिम, कृषक भ्रमण, स्थलगत अवलोकन जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

ङ. पशु सेवा तर्फ प्रयोगशाला सेवा कार्यक्रम, बंगुर पालन तालिम तथा भेडा बाख्रा तालिमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

च. सहकारी क्षेत्रको लेखा व्यवस्थापन, क्षमता विकास र प्रवर्द्धनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**श्रीमान् सभाध्यक्ष महोदय,**

## सामाजिक विकास

१३. गाउँपालिका स्तरीय सामाजिक विकास क्षेत्र अन्तर्गतको महत्त्वपूर्ण मानिने शिक्षा, स्वास्थ, महिला तथा बालबालिका, न्यायिक निरुपण, लक्षित वर्ग लगायत समग्र सामाजिक क्षेत्रको विकासका लागि तपसिल बमोजिमका कार्यक्रम कार्यन्वयन गर्न रु.१ करोड ९८ लाख विनियोजन गरेको छु ।

क. संघ सरकारको साझेदारीमा विद्यालय भवन निर्माण कार्य सञ्चालन ल्याइनेछ।

ख. अभिभावक शिक्षा कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेकोछु।

ग. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरणका लागि विद्यालय भौतिक पूर्वाधार, दिवा खाजा, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक तथा सरसफाई सामाग्री वितरण, छात्राहरुका लागि निःशुल्क स्यानिटरी प्याड व्यवस्थापनमा निरन्तरता दिइनेछ।

घ. सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहजकर्ता, लेखापाल र कार्यालय सहयोगीको तलब भत्ताका लागि उपलब्ध गराउदै आएको अनुदान निरन्तरता दिइनेछ।

ङ. सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोत शिक्षकहरुका लागि प्रदान गरिने अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

च. जोशीपुर गाउँपालिका भित्रका गर्भवती महिलाहरुका लागि प्रसुति स्याहार तथा व्यवस्थापन गर्न निशुल्क एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

छ. सामुदायसंग अध्यक्ष स्वास्थ्य कार्यक्रम,उपाध्यक्ष सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन गरिनेछ।

ज. बालबालिकाको हकहित संरक्षणका लागि बालकोष स्थापना निरन्तरता दिइनेछ।

झ. महिला, बालबालिका, जेष्ठ नागरिक पिछाडिएका सामुदायका लागि आवश्यक सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

ञ. महिलाहरुका लागि स्तनपान कक्षको व्यवस्था गरिनेछ।

श्रीमान् सभाध्यक्ष महोदय,

## *पूर्वाधार विकास तर्फ*

१४. पूर्वाधार विकास क्षेत्र अन्तर्गतको महत्त्वपूर्ण पक्ष मानिने सडक, भवन, घेरवार, अन्य सर्वजानिक निर्माण लगायत समग्र पूर्वाधार क्षेत्रको विकासका लागि तपसिल बमोजिमका योजना कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१५. गाउँपालिकाको मुख्य पुर्वाधारतर्फ ग्रामिण सडकहरु स्तरन्नोतिका लागि पक्की सडक, पानी पिच, ग्राभेल जस्ता निर्माण कार्य गर्न साथै गाउँपालिका स्तरिय क्रमागत योजनाहरुलाई निरन्तरता दिई आवश्यक बजेट विनियोजन गरेको छु।

क. भौतिक पूर्वाधार निर्माणका लागि अनुमानयोग्य र प्रभावकारी योजनाका लागि पूर्वाधार विकास गुरुयोजना, वस्ती विकास योजना, विस्तृत अध्ययन प्रतिवेदनलाई जोड दिइनेछ।

ख. संघीय सरकारको साझेदारीमा बढरियामा कोल्ड स्टोर निर्माण गर्न २ करोड रकम बिनियोजन गरेको छु।

ग. खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार आयोजना अन्तर्गत विश्व बैंक, संघ, प्रदेश र स्थानीय तहको सह लगानीमा जोशीपुर खानेपानी आयोजनाका लागि २ करोड ४० लाख , पटाउपुर खानेपानी आयोजनाका लागि १ करोड २० लाख , लोखरी खानेपानी आयोजनाका लागि १ करोड ६० लाख र सार्वजनिक विद्यालय शौचालय निर्माणका लागि १ करोड २० लाख रकम बिनियोजन गरेको छु ।

घ. संघ सरकारको सहयोगमा सिमराना बजार देखि पुर्ब राजागौडिको पथरैया नदि सम्म कालोपत्रेका लागि २५ लाख रकम बिनियोजन गरेको छु ।त्यसैगरी, वार्ड न २ को जनप्रकाश माध्यमिक विद्यालय, मुढ्धि को पूर्वाधार निर्माणका लागि ४० लाख बिनियोजन गरेको छु ।

ङ. सुरक्षित नागरिक आवास कार्यक्रमका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

च. प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान गाउँपालिकाको साझेदारीमा सिमराना शिव मन्दिर देखि पश्चिम झुडिया जाने सडक कालोपत्रे र ढल निकासका लागि १ करोड र हस्नापुर देखि बाणी मन्दिर सम्म कालोपत्रे सडकको लागि १ करोड रकम विनियोजन गरेको छु।

छ. प्रदेश सरकारको प्राप्त विशेष अनुदानबाट जोशीपुर प्राथमिक स्वास्थ्य केन्द्र र मैनपोखरी जोड्ने पुल निर्माणका लागि आवश्यक वजेट विनियोजन गरेको छु।

ज. वार्ड न ६ र ७ मा निर्माणाधीन रिंगरोड निर्माण सम्पन्न गर्न र अन्य वार्डहरुमा संचालित क्रमागत योजनाहरुलाई निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

झ. पालिका भित्रका सडक हरुलाई पानिपिच र ग्रावेल गर्न आवश्यक रकम बिनियोजन गरेको छु ।

श्रीमान् सभाध्यक्ष महोदय,

***<u>वातावरण तथा विपद व्यवस्थापन</u>***

१६.बाताबरण संरक्षण र विकासको समसामयिक जोखिम न्यूनिकरणका लागि रु४५ लाख विनियोजन गरेको छु।

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

क. प्राकृतिक प्रकोपका कारण राहत, उद्दार तथा जोखिम न्यूनिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रकोप व्यवस्थापन कोषको व्यवस्था गरेकोछु। खोज, उद्धार, राहत, पुनर्स्थापना कार्यलाई व्यवस्थित गर्न आवश्यक रकम विनियोजन गरेको छु।

ख. गाउँपालिकाको स्थानीय विपद तथा जलवायु अनुकूलन योजना मार्फत कुनै पनि प्राकृतिक तथा मानवीय कारणबाट हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्न, विपद् व्यवस्थापन क्षमतालाई अभिवृद्धि गर्न वडास्तर र पालिकास्तरमा विभिन्न वृक्षारोपण तथा आवश्यक कार्यक्रमहरु सञ्चालनको व्यवस्था मिलाइएको छ।

श्रीमान् सभाध्यक्ष महोदय,

***संस्थागत विकास, सेवा प्रवाह र सुशासन***

१७.जोशीपुर गाउँपालिकाको कार्यालय सञ्चालन तथा प्रशासन, संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धि नीति तथा कार्यक्रम कार्यन्वयन गर्न आवश्यक रकम ९ करोड रुपैयाँ विनियोजन गरेको छु ।

क. सबै पेशा व्यवसायलाई करको दायरामा ल्याइनेछ।राजश्व र कर प्रशासन सम्बन्धी नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरी लक्ष्य अनुसार वा सोभन्दा बढी राजश्व संकलन गर्ने वडा तथा कार्यालयलाई बजेट विनियोजनमा सूचकको रुपमा निरन्तरता आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ।

ख. जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकताका लागि आवश्यक तालिको व्यवस्था मिलाइएको छ।

ग. स्थानीय तहको न्यायिक निरुपण र मेलमिलाप प्रवर्द्धन गर्न न्यायिक समिति तथा मेलमिलाप कर्ताहरुको भुमिका बढाउन  तालिम उच्च एड्भान्स तालिम सञ्चालनको व्यवस्था मिलाइएको छ।

घ. स्वतःप्रकाशन, मासिक, चौमासिक तथा वार्षिक खर्च तथा प्रगतिको सार्वजनिकीकरण,सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु।

श्रीमान् सभाध्यक्ष महोदय,

अब म आ.ब. २०८१।०८२ को अनुमानित व्यय र स्रोत व्यवस्थापनको खाका प्रस्तुत गर्न गइरहेको छु ।

जोशीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोशीपुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

| आ.व. २०८१।०८२ को स्रोत तथा व्यय अनुमान | |
|---|---|
| संघीय वित्तीय समानिकरण | रु. ११ करोड ६८ लाख |
| प्रदेश वित्तीय समानिकरण | रु. १ करोड ७ लाख ४६ हजार |
| संघीय राजश्व बाँडफाँड | रु. ९ करोड ६२ लाख |
| प्रदेश राजश्व बाँडफाँड | रु. २६ लाख २३ हजार |
| संघीय सर्शत अनुदान (चालू) | रु. १७ करोड २५ लाख १० हजार ५ सय |
| संघीय सर्शत अनुदान (पुजीगत) | रु.९ करोड ३६ लाख |
| प्रदेश सर्शत (चालु) | रु. १२ लाख ८५ हजार |
| प्रदेश सर्शत (पुजीगत) | रु. १ करोड ३० लाख |
| संघीय सरकारको विशेष अनुदान | रु.१ करोड २० लाख |
| प्रदेश सरकारको विशेष अनुदान | रु.४५ लाख |
| प्रदेश समपूरक अनुदान | रु. १ करोड |
| आन्तरिक आय | रु. १ करोड ६९ लाख ४७ हजार |
| अल्या रकम अनुमानित | रु १ लाख |
| जम्मा (सामाजिक सुरक्षा बाहेक) | रु ५५ करोड ३ लाख ११ हजार ५ सय |

अन्त्यमा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधानमा भएको व्यवस्था बमोजिम स्थानीय तहको सरकारको हैसियतले व्यवस्थापकीय, कार्यपालिकीय तथा न्यायिक अधिकार कार्यान्वयनको

अभ्यास गर्दै चालु आर्थिक वर्षको वार्षिक बजेट बक्तव्य सफल पार्न सहयोग पुऱ्याएर आगामी आर्थिक वर्षको बजेट यस सम्मानित सभामा प्रस्तुत गर्ने सु अवसर प्रदान गर्नु भएकोमा गाउँसभाका सभाध्यक्ष महोदय, सम्पूर्ण सदस्यज्यूहरु, गाउँपालिकाबासी, नेपाल सरकार, प्रदेश सरकार, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक तथा बुद्धिजीवी, नागरिक समाज, संचार जगत तथा सम्पूर्ण सरोकारवाला पक्षहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। धन्यवाद!

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

रेखा देवी कठरिया
उपाध्यक्ष